**विश्वविद्यालय अनुदान आयोग**

**सानोठिमी, भक्तपुर**

**विश्वविद्यालय अनुदान आयोगको "सुविधा वञ्चित सूची" सम्बन्धमा नयाँ व्यवस्था गरिएकोबारे सूचना ।**

आयोगबाट आ.व. २०५४/५५ देखि एमफिलरविद्यावारिधि वृत्ति प्राप्त गरी म्यादभित्र शोधप्रबन्ध नबुझाएका वा फरफारक नगरेका फेलोहरूलाई आयोगले "सुविधा वञ्चित सूची" मा राखी मिति २०७२/०८/०७ मा सोको सार्वजनिक सूचना गरेकोमा अहिलेसम्ममा शोधप्रबन्ध बुझाएका वा शोधवृत्ति फिर्ता गरी फरफारक गरेका व्यक्तिहरूलाई सुविधा वञ्चित सूचीबाट हटाउने व्यवस्था गर्न आयोगले यही २०७५ असार १ मा नयाँ निर्णय गरेको छ, जस अनुसार आयोगको "सुविधा वञ्चित सूची" मा रहेकामध्ये वृत्तिको निकासा भएको रकम फिर्ता गरी फरफारक गर्नेलाई तत्काल लागु हुने गरी "सुविधा वञ्चित सूची" बाट हटाईने र शोधप्रबन्ध बुझाएकाहरूको हकमा त्यस्ता व्यक्तिले आयोगमा "सुविधा वञ्चित सूची" बाट हटाइपाउँ भनी निवेदन दिएको खण्डमा "सुविधा वञ्चित सूची" बाट हटाइनेछ । "सुविधा वञ्चित सूची" बाट आफ्नो नाम हटाउनका लागि उपर्युक्त अनुसारको शर्त पुरा गरी आयोगमा निवेदन दिनुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।